## बैठक नं २२

आज मिति २०८१।१०।२३ गते बुधबारका दिन उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जमा कार्यरत देहायका कर्मचारीहरुको उपस्थितिमा कार्यालयको काम कारबाही प्रभावकारी बनाउन कर्मचारी बैठक बसेर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

१. सहन्यायाधिवक्ता श्री अशोकराज रेग्मी

२. उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

३. उपन्यायाधिवक्ता श्री प्रयागदत्त जैसी

४. सहायक न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली

५. सहायक न्यायाधिवक्ता श्री सृजना आचार्य

६. लेखापाल श्री संगम ठाडा मगर

७. नायव सुब्बा श्री रमा अर्याल

८. नायव सुब्बा श्री पुर्णबहादुर कटुवाल

९. नायव सुब्बा श्री सुवास सुनार

१०. नायव सुब्बा श्री शोभाकर राना

११. कम्प्यूटर अपरेटर श्री टिकाराम थारु

१२. सहायक कम्प्यूटर अपरेटर श्री सुष्मा यरी

१३. हलुका सवारी चालक श्री दल बहादुर खत्री

१४. का.स. श्री ईतवारी काँदु

१५. का.स. धनिराम खटिक

१६. का.स. श्री नरेन्द्र प्रकाश चौधरी

१७. का.स. श्री बुधराम बर्मा

१८. का.स. श्री रामकृष्ण चौधरी

छलफलका विषयहरु

१. वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

२. मुद्दाको मिसिल चेकजाँच नियमित मासिक रुपमा गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ उपर छलफल गर्दा वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०८१ बमोजिम यस कार्यालय स्तरको योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो । महान्यायाधिवक्ताको कार्यालयबाट स्विकृत भएको यस कार्यालयको वार्षिक कार्ययोजना अध्ययन गरी योजना शाखा प्रमुखलाई सात दिन भित्र सुझाव र प्रतिवेदन उपलब्ध गराउने । योजना शाखा प्रमुखले वार्षिक कार्ययोजनाले प्रक्षेपण गरेका कार्यक्रम सञ्चालन गर्न कार्यालयको स्रोत र मातहत कार्यालयसँग कार्यक्रम आयोजना गर्न सकिने सहकार्यलाई मध्यनजर गरी बजेटको उपलब्धता सम्बन्धमा कार्यालयका लेखापाल र सहकार्यका सम्बन्धमा मातहत कार्यालयका कार्यालय प्रमुखहरुसँग समन्वय गरी योजना कार्यान्वयन तथा अनुगमन समितिको वैठकमा पेश गर्ने।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस कार्यालयको फाँटहरुमा रहेका मिसिलहरुको सहायक न्यायाधिवक्ता डिल्लीराज ज्ञवाली सहित मुद्दा फाँटका कर्मचारीहरु र सहायक न्यायाधिवक्ता सृजना आचार्य सहित रिट, निवेदन र राजस्व फाँटका कर्मचारीहरुले प्रत्येक महिनाको सात गते भित्र मिसिल चेकजाँच गरी फैसला भएको तीन महिना भित्र मिसिल प्राप्त नभएको भए सम्बन्धित अदालत/न्यायाधिकरणमा समन्वय गरी फैसला तयार भए नभएको यकिन गरी फैसला प्राप्तिका लागि ताकेता गर्ने, उच्च अदालतबाट फैसला प्राप्त भएका पुनरावेदन/दोपा कारवाही गर्नुपर्ने मुद्दाहरु यकिन गरी कार्यालय प्रमुख समक्ष पेश्च गर्ने । निवेदन र रिटको अन्तिम आदेश प्राप्त नभएको भए तत्काल प्राप्त गर्ने ब्यवस्थाका लागि अदालत/न्यायाधिकरणमा समन्वय गर्ने । मुद्दाको फैसला तथा निबेदन र रिटमा भएको अन्तिम आदेशको विवरणको संख्या तथा प्राप्त नभएका फैसला, निवेदन र आदेशको विवरण कार्यालय प्रमुख समक्ष पेश गर्ने । मिसिलमा

सम्बन्धित कागजातहरु प्राप्त नभएको भए अपडेट गर्न लगाउने । प्रत्येक महिना फाँटको काम कारबाहीको संक्षिप्त प्रतिवेदन कार्यालय प्रमुख समक्ष लिखित र उपन्यायाधिवक्ताहरुलाई डिजिटल प्रति पेश गर्ने ।